स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यो वर्ष अभिनेत्री नम्रता श्रेष्ठको लागि उतारचढावपूर्ण रह्यो । उनको पछिल्लो फिल्म 'जाइरा' चार वर्षअघि रिलिज भएको थियो । यतिबेला भने उनी काममा फर्किएकी छन् । सामाजिक कथावस्तुमा बनेको छोटो एनिमेटेड फिल्म 'मेरिओनेट्स'मा नम्रताले भ्वाइस एक्टरको भूमिकामा काम गरेकी हुन् । सार्वजनिक भएको यो फिल्म सेयर गर्दै उनले उत्साह व्यक्त गरेकी छन् प्राज्ञिक अवस्थी निर्देशित छोटो एनिमेटेड फिल्ममा नम्रता र अनुष्का पाण्डेको स्वर छ । जेसन कुँवरले संगीत दिएका छन् ।

आजको विचार...



माओवादीबाट... (दुई पेजमा)

शंकरप्रसाद रिजाल



अभिनेत्री ऋचा शर्मा फिल्म 'मेयर'मा जोडिएकी छन् । उनी फिल्मसँग आबद्ध भएको निर्देशक दीपेन्द्र के खनालले बताए । यो वर्ष दीपक रौनियारको फिल्म 'राजागञ्ज' र रामबाबु गुरुङको फिल्म 'डिग्री माइला' पछि उनी 'मेयर'मा आबद्ध भएकी हुन् । फिल्ममा उनको भूमिकाबारे खुलाइएको छैन । छायांकन सेटबाट प्राप्त तस्बिरमा भने ऋचालाई कालो रंगको कुर्था-सुरुवालमा देख्न सकिन्छ । जसले उनी स्थानीय युवतीको भूमिकामा देखिन लागेको संकेत गर्छ । ऋचाले निर्देशक खनालको फिल्म पहिलो पटक अभिनय गर्न लागेकी हुन् ।

❒ वर्ष २९ ❒ अंक २१९ ❒ २०८० फागुन २४ गते बिहीबार 7 March 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नयाँ गठबन्धनमा मन्त्रिपरिषद् विस्तार, को–को बने मन्त्री ?

**हाम्रा संववाददाता**

**पाल्पा,** फागुन २३/काँग्रेस, माओवादी, जनता समाजवादी पार्टीको सत्ता गठबन्धन भत्किएर एमाले-माओवादी-राष्ट्रिय स्वतन्त्र पार्टीलगायतको नयाँ गठन बनेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुधबार पुनगर्ठित मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले सत्ता गठबन्धनमा आवद्ध पाँचदललाई समेटेर मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

नयाँ मन्त्रीहरूलाई बुधबार नै पद तथा गोपनीयताको शपथ गराइएको छ । जसअनुसार नेकपा एमालेका ७, माओवादीका ४, राष्ट्रिय स्वतन्त्र पार्टीका ३, नेकपा एकीकृत समाजवादीका २ जनाले पद तथा गोपनीयताको शपथ लिएका हुन् । प्रचण्ड सरकारमा रहने १९ मध्ये तीन जनाले यसअघि नै पद तथा गोपनीयताको शपथ लिइसकेका छन् । यसअघि एमालेका पदम गिरी, माओवादीका हितबहादुर तामाङ र रास्वपाका डिपी अर्यालले पद तथा गोपनीयताको शपथ लिएका थिए । बिना विभागीय मन्त्रीको हैसियतमा शपथ लिएका यी तीन नेताले बुधबार मन्त्रालयको जिम्मेवारी पाएका छन् । गिरीले कानुन न्याय तथा संसदीय मामिला, तामाङले पर्यटन र अर्यालले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्ने छन् ।



एमालेबाट रघुवीर महासेठ उपप्रधान तथा भौतिक पूर्वाधार,पदम गिरी, कानुन न्याय तथा संसदीय मामिला, हरि उप्रेती रक्षा, भगवती चौधरी महिला बालबालिका तथा जेष्ठ नागरिक, राजेन्द्र राई खानेपानी तथा सरसफाइ, दामोदर भण्डारी, उद्योग, ज्वालाकुमारी साहलाई कृषि, बलराम अधिकारीलाई भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ । एमालेले अधिकाशं मन्त्रीहरु गतवर्षको गठबन्धन सरकारमा छोटो समय सहभागी भएका मन्त्रीहरुलाई पठाएको छ । यस्तै माओवादीबाट मन्त्री बनेका नरायणकाजी श्रेष्ठ उपप्रधान तथा परराष्ट्र, वर्षमान पुन अर्थ, शक्ति बस्नेत उर्जा, रेखा शर्मा सूचना तथा सञ्चार, हितबहादुर तामाङले पर्यटन मन्त्रालयको जिम्मेवारी पाएका छन् । यस्तै रास्वपाबाट बनेका रवि लामिछानेले उपप्रधान तथा गृह, डीपी अर्यालले श्रम, विराजभक्त श्रेष्ठले युवा तथा खेलकुद र सुमना श्रेष्ठले शिक्षा मन्त्रालयको जिम्मेवारी पाएका छन् । सरकारमा नारायणकाजीसहित तीन जना मन्त्री दोहोरिएका हुन् । यसअघिको गठबन्धन सरकारमा रहेका ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत र सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले नयाँ गठबन्धन सरकारमा पनि दोहोरिने मौका पाए ।

यस्तै माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीबाट भानुभक्त जोशी र धनबहादुर बुढा मन्त्री बनेका छन् । एकीकृत समाजवादीले जोशीलाई संघीय मामिला तथा सामान्य प्रशासन र बुढालाई सहरी विकास मन्त्रालयमा पठाउने निर्णय गरेको हो । नयाँ सत्ता समीकरणमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी , नेकपा एकीकृत समाजवादी र जसपा छन् । उनीहरुले अन्य दललाई पनि गठबन्धनमा भित्र्याउन पहल गरिरहेका छन् । नेकपा (माओवादी केन्द्र) ले विभिन्न कारण देखाउँदै सोमबारदेखि नेपाली काँग्रेससँगको सहकार्य तोडेको छ । यससँगै काँग्रेस अब प्रमुख प्रतिपक्षीको कित्तामा पुगेको छ । गत फागुन १२ गते काँग्रेस, माओवादी, जसपा, एकीकृत समाजवादी, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी मिलेर नयाँ समिकरण बनेको थियो । अन्तत: उक्त समिकरण एकाएक टुट्न पुग्यो । प्रधानमन्त्री दाहालले एमालेसहित अन्य दलहरुसँग सत्ता समीकरण बनाउन पुगेका हुन् ।

## सक्षिप्त समाचार

### बस त्रिशूलीमा खस्दा सात जनाको मृत्यु



**मलेखु (धादिङ),** कपिलवस्तुबाट काठमाडौंतर्फ आउँदै गरेको लु २ ख २१२१ नम्बरका यात्रुवाहक बस धादिङको गजुरी गाउँपालिका-५ घाटबेँसीस्थित त्रिशूली नदीमा खसेको छ । बुधबार विहान सो बस त्रिशूलीमा खसेको हो ।

बस त्रिशूलीमा खस्दा सात जनाको मृत्यु भएको छ । दुर्घटनामा एक जना महिलासहित सात जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम केसीले जानकारी दिए । यो समाचार तयार पार्दा सम्म मृतकको सनाखत हुन बाँकी छ । प्रहरी उपरीक्षक केसीले दुर्घटनामा ३० जनाभन्दा बढी घाइते भएका बताए । उनले भने, 'घाइतेको उद्धार गरी स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचारपछि अधिकांशलाई थप उपचारका लागि काठमाडौं पठाइएको छ ।' बस चालक रुपन्देही लुम्बिनी सांस्कृतिक नगरपालिका ९ का ३८ वर्षीय हरिराम हरिजनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । *-रासस*

## लुम्बिनीमा माओवादीले लियो समर्थन फिर्ता




**लुम्बिनी,** फागुन २३/नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले लुम्बिनी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । माओवादी केन्द्र लुम्बिनी प्रदेश संसदीय दलको बुधबार बसेको बैठकले मुख्यमन्त्री डिल्लीबहादुर चौधरीलाई दिएको समर्थन फिर्ता लिएको जनाएको छ ।

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले माओवादी केन्द्रबाट प्रतिनिधित्व गर्ने दुई जना मन्त्रीलाई बर्खास्त गरेपछि माओवादीले समर्थ फिर्ता लिएको हो । मुख्यमन्त्री चौधरीले बुधबार अर्थमन्त्री धनबहादुर मास्की र सहरी विकास मन्त्री कृष्णा केसीलाई बर्खास्त गरेका हुन् । कांग्रेस-माओवादी गठबन्धनबाट मुख्यमन्त्री बनेका चौधरीले केन्द्रमा गठबन्धन परिवर्तन भएसँगै उनीहरूलाई हटाएका हुन् । मुख्यमन्त्री चौधरीले संविधानको धारा १६८ को उपधारा ९ बमोजिम हटाएको बताए । कूल ८७ सदस्यीय प्रदेशसभामा १० दलका ८६ र एक स्वतन्त्र सदस्य छन् । प्रदेशमा सबैभन्दा ठूलो दल नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २९, माओवादी केन्द्रका ११ र जनता समाजवादी पार्टीका तीन सदस्य छन् ।

## तानसेनको नारायणस्थानमा १०८ गौमुखे धारासहित शिव लिङ्ग स्थापना गरिदैं

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २३/जिल्लाको तानसेनस्थित अमर नारायण मन्दिर परिसरको पुरानो पोखरीमा हालै १०८ गौमुखे धारा निर्माण गरी शिव लिङ्ग स्थापना गर्न लागिएको छ । तानसेन नगरपालिका २ मा नारास्थानमा रहेको प्राचिन महत्व बोकेको पोखरीमा तानसेन नगरपालिकाको पञ्च बर्षिया योजना र उपभोक्ताको संयुक्त लगानीमा १०८ वटा गाईमुखे धारा निर्माण गरी शिव लिङ्ग स्थापना गर्न लागिएको हो ।

गौमुखे धारा जडान गरिसकिएको छ भने शिव लिङ्ग स्थापनाको काम अन्तिम चरणमा पुगेको उपभोक्ता समितिका अध्यक्ष विनायक महर्जनले जानकारी दिए । उनका अनुसार भक्तजनहरुलाई स्नान गराउने र भव्य शिव लिङ्गको दर्शन गराउने



गरी काम भइरहेको छ । १०८ गौमुखे पोखरीमा करीव १ हजार ६ किलो तौल भएको भक्तपुरबाट एउटै ढुङ्गाबाट कालिगढले निर्माण गरी शिव लिङ्ग र बसाहाको भव्यमुर्त्ति पोखरीमा गत सोमबार ल्याई राखिएको छ । क्रेनको सहायताबाट सो शिव लिङ्ग र बसाहालाई १०८ गौमुखे पोखरीमा राखिएको उपभोक्ता समितिका अध्यक्ष महर्जनले बताए । पोखरीमा राखिएको शिव शिव लिङ्ग र बसाहाको यही फागुन २५ गते महाशिवरात्रीको दिन प्राण प्रतिष्ठा गर्ने र १०८ गौमुखे धारामा स्नानको व्यवस्था गर्न लागिएको स्थानीयवासी एवं नेपाली काँग्रेस पाल्पाका सभापती हिमालदत्त श्रेष्ठले बताए । नेपाल दर्शन समूहका अगुवाहरु सन्दिप राना, प्रकट नारायण श्रेष्ठ, साकार प्रधान अविदप अमात्य, जयनेपाल घिमिरे लगायतका युवा तथा स्थानीयवासीको सहयोगमा शिव लिङ्ग तथा बसाह मुर्ती निर्माण गरी नारास्थानको १०८ पोखरीमा ल्याइएको समितिका अध्यक्ष महर्जनले बताए । भक्तपुरबाट निर्माण गरी ल्याएको शिव लिङ्गलाई बसपार्कबाट भजन कृर्तन गर्दै तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठसहित भक्तजन टोलीको सहभागितामा नारायण स्थान पोखरीमा भित्राईएको थियो । पुरातत्व विभागले भने नारायणस्थान मन्दिर परिसरको प्राचिन पोखरीमा १०८ गौमुखे धारा सहित संरचना पुरातत्वको नियम विपरित भएको र नारायणस्थानको पुरातात्विक महत्वलाई ओझेलमा पारेको जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## समतामूलक समाजको निर्माण गरौं

प्रत्येक वर्ष मार्च ८ मा विश्वका अधिकांश देशमा अन्तर्राष्ट्रिय नारी दिवस मनाइन्छ । नारी मुक्तिको सवाललाई लिएर विश्वभर विविध कार्यक्रमका साथ यो दिवस मनाइँदै आएको हो । यस वर्षको दिवस शुक्रबार विश्वभर 'लैगिंक समावेशितालाई प्रेरित गरौं' भन्ने नाराका मनाउन लागिएको छ । दिवसका दिन नारी स्वतन्त्रता तथा सशक्तिकरणको सवालमा चर्चा परिचर्चा, बहस र अन्तर्क्रियाहरु गरिँदै आइएको छ । विश्वका अन्य देशहरुमा झैं प्रत्येक वर्ष नेपालले पनि अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदै आएको हो । तर बिडम्वना, नेपाली महिलाले आफ्नो लैङ्गिक अधिकारको समानताको अनुभूति पूर्ण रुपमा सुरक्षित गर्न पाएको देखिदैन । नेपालमा नारी माथि दमनमात्र होइन, हत्याहिंसा र बलात्कारका श्रृंखला चलिरहेको छ । छोरीचेली दिनानुदिन असुरक्षित बन्दै गएका छन् । ११३ वर्षदेखि चलेको नारी अधिकारको सन्दर्भ आजपर्यन्त पनि जारी नै छ । एक्काइसौं शताब्दीको संघारमा आइपुग्दा पनि महिलालाई पनि पुरूषसरह अधिकार दिइनुपर्छ भनेर आवाज उठिरहेको छ । महिला र पुरूषलाई एक सिक्काको दुई पाटा भन्ने गरिए पनि व्यवहारमा त्यो लागू हुन सकेको छैन ।

सविधानले लैङ्गिक आधारमा कुनै पनि महिलामा कुनै किसिमका असमान व्यवहार हुन नदिने प्रष्ट उल्लेख गरेको छ । तर विडम्वना नै मान्नु पर्छ आजको समयसम्म पनि नेपाली महिलाहरु परिवार, समाज तथा राष्ट्रकै दृष्टिमा पनि दोस्रो दर्जाको नागरिकका रुपमा बाँच्न बाध्य छन् । महिलाका हकअधिकारलाई सफल कार्यान्वयनमा जोड दिनु आजको आवश्यकता हो । महिला अधिकारका लागि महिलामात्रै सचेत भएर पुग्दैन, पुरूषलाई पनि सोही अनुसार सचेत बनाइनुपर्छ । राज्यसत्तामा समेत महिलाको भूमिका निकै कमजोर देखिन्छ । जतिसुकै समानताका नारा दिए पनि महिलालाई राज्यसत्तामा आउने कुरामा बाधा गर्ने पुरुष वर्ग नै हो । किनभने हाम्रो समाजको संरचना पुरुषप्रधान रहेको छ । जतिसुकै नस्वीकारे पनि मानसिकतामा पनि त्यही कुराको हावी भइरहेको छ । किनभने उहिलेदेखि दिमागमा बसेको कुसंस्कारको फोहोर हत्तपत्त सफा गर्न खोज्दा एकैचोटी जाँदैन, समय लाग्छ । तर आजको आवश्यकता समतामूलक समाजको निर्माण गर्नु हो । यसर्थ त्यसका लागि समतामूलक समावेशी सामाजिक संरचनाको निर्माण गर्न जरूरी देखिन्छ ।

## Opinion @ Social Network

बडा अजिब छ नि है यो शहरको चमकधमक,
उज्यालै उज्यालोमा पनि मान्छे चिन्न कति गाह्रो !
*(कुसुम गाहाको फेसबुकबाट https://www.facebook.com/Kusum.gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# माओवादीबाट धोका पाएको कांग्रेसलाई सुध्रिने मौका



शंकरप्रसाद रिजाल

*विपी कोइरालाले स्थापना गरेको नेपाली काग्रेस कुनै बेला आफूलाई बर्गशत्रु किटान गरेको र आफ्ना दशौं हजार कार्यकर्ताको हत्या गर्ने दलसँग गठजोड गरेर चुनावमा जानु र यसैलाई सरकारको चावी सुम्पिनुले काग्रेसका इमान्दार कार्यकर्ताको मन रोहेको थियो । अहिले प्रचण्डले काग्रेससँगको गठबन्धन तोड्दा असली काग्रेस कार्यकर्ता खुशी भएका छन् । विपी कोइराला जस्तो सुकै परिस्थितिमा पनि कम्युनिष्टसँग सहकार्य गर्न तयार भएनन् । बरु उनले राजासँग आफ्नो घाँटी जोडिएको छ भने निंवासनबाट स्वदेश फर्किए । विपीको अवशान पनि गणेशमान सिंहको पहलमा प्रजातन्त्र प्राप्तिका खातिर बामपन्थीसँग सहकार्य गरेर प्रजातन्त्रको उदय गराएपनि गणेशमानले कम्युनिष्टसँग मिलेर सरकार सञ्चालन गर्ने उदारता देखाएनन् । पार्टीमा आफूले भनेको केही चनल्ने भएपछि उनले जीवनको उत्तरार्धमा पार्टी नै परित्याग गरेको घोषणा गरे । दुई पटक एकल बहुमत ल्याउन सफल भएको मुलुकको सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टी आज आफ्नो सिद्धान्त र आदर्शबाट च्युत हुँदा पाँच दलसँग गठबन्धन गर्दासमेत ८८ सिटमा खुम्चिनु परेको छ । कम्युनिष्ट मिले भने आफू कमजोर हुने मनोविज्ञानले काग्रेस नेतृत्व झन् कमजोर भएको छ ।*

दोस्रो विश्वयुद्ध पश्चात सन् १९४५ मा युद्धमा बिजयी प्राप्त गरेका अमेरिका, बेलायत, फ्रान्स र रसिया मिलेर पराजित भएको जर्मनलाई चार भागमा विभाजन गरी आधिपत्य जमाउन खोज्दा प्रजातान्त्रिक विचारबाट फरक रहेको देश रसियाको आपसी मतभेदको कारण अन्त्यमा बर्लिन पर्खाल निर्माण हुन पुग्यो । त्यसपछि वेस्ट जर्मनी र ईष्ट जर्मनीबीच बनेको यो पर्खाल आखिर जनताको अत्याधिक दवाबले सन् १९८९ मा फेरि त्यो बर्लिनको पर्खाल एकाएक भत्किन पुग्यो र पुन एकीकरण भयो । यसरी एकाएक ठडिएको पर्खाल ६२ बर्षपछि एकाएक भत्किन पुगेर पुनः जर्मनको एकीकरण हुन पुग्यो भने नेपालको समीकरणको परिणामले बन्ने भत्कने समीकरण र गठबन्धनको तुरतुरे सरकार ढल्नुमा कुनै आश्चर्य छैन । अपत्यारिलो सरकारको संरचनाको गठबन्धन कुनैपनि बेला टुट्ने निश्चय नै थियो । गठबन्धन हुँदा यही सरकार १० वर्षसम्म चलेर जानेछ भनेर कांग्रेस र माओवाादीबीचमा तुनाको रुपमा अल्झेको एकीकृत समाजवादीका नेताहरु कुर्लेर बसेका थिए । पहिले नै गठबन्धन गरेर पाँच वर्षसम्म प्रधानमन्त्री पद खाइरहने परिपाटीको सरकारको संरचना भत्किने यसरी नै हो । नीति, सिद्धान्त र आदर्श केही पनि नमल्नि दलहरुको अप्राकृतिक गठबन्धन यसरी भत्किँदा कोही सचेत नागरिक अचम्ममा परेनन् । किनभने यो नितान्त स्वार्थको गठबन्धन थियो ।

देश र जनताको लागि भन्दा पनि आफू सधैं सत्तामा टिकिरहन गरिने यस्ता अप्राकृतिक गठबन्धनले केही सीमित नेतालाई बाहेक कसैलाई पनि फाइदा गर्दैन । विपी कोइरालाले स्थापना गरेको नेपाली कांग्रेस कुनै बेला आफूलाई बर्गशत्रु किटान गरेको र आफ्ना दशौं हजार कार्यकर्ताको हत्या गर्ने दलसँग गठजोड गरेर चुनावमा जानु र यसैलाई सरकारको चावी सुम्पिनुले कांग्रेसका इमान्दार कार्यकर्ताको मन रोहेको थियो । अहिले प्रचण्डले कांग्रेससँगको गठबन्धन तोड्दा असली कांग्रेस कार्यकर्ता खुशी भएका छन् । विपी कोइराला जस्तो सुकै परिस्थितिमा पनि कम्युनिष्टसँग सहकार्य गर्न तयार भएनन् । बरु उनले राजासँग आफ्नो घाँटी जोडिएको छ भने निंवासनबाट स्वदेश फर्किए । विपीको अवशान पनि गणेशमान सिंहको पहलमा प्रजातन्त्र प्राप्तिका खातिर बामपन्थीसँग सहकार्य गरेर प्रजातन्त्रको उदय गराएपनि गणेशमानले कम्युनिष्टसँग मिलेर सरकार सञ्चालन गर्ने उदारता देखाएनन् । पार्टीमा आफूले भनेको केही चनल्ने भएपछि उनले जीवनको उत्तरार्धमा पार्टी नै परित्याग गरेको घोषणा गरे । दुई पटक एकल बहुमत ल्याउन सफल भएको मुलुकको सबैभन्दा पुरानो प्रजातान्त्रिक पार्टी आज आफ्नो सिद्धान्त र आदर्शबाट च्युत हुँदा पाँच दलसँग गठबन्धन गर्दासमेत ८८ सिटमा खुम्चिनु परेको छ । कम्युनिष्ट मिले भने आफू कमजोर हुने मनोविज्ञानले कांग्रेस नेतृत्व झन् कमजोर भएको छ । सत्ता भन्दा दोस्रो विकल्प नदेख्ने सोचका कारण आज कांग्रेस यो हविगतमा पुगेको हो । यो अप्राकृतिक गठबन्धन टुट्दा कांग्रेसका असली कार्यकर्ता खुशी भएका छन्, तर नेतृत्वमा बेचैनी सुरु भइसक्यो । मुखैमा आएको प्रधानमन्त्री पद गुमेको पीडा सभापति शेरबहादुर देउवामा देख्न सकिन्छ ।

पार्टीभित्रको गुट उपगुटलाई मिलाएर अन्तर विरोध कम गर्दै जाने र मुलुकमा सनातन हिन्दु राज्यको पक्षमा वकालत गर्ने हो भने आगामी निर्वाचनमा नेपाली कांग्रेसलाई ठूलो दल बन्नबाट रोक्न कसैले पनि सक्दैन । विगतमा आफूले गरेको गल्ती कमजोरीलाई सच्याउँदै आगामी दिनमा पार्टीलाई एक ढिक्का बनाएर लैजाने हो भने कांग्रेस नै मुलुकको पहिलो पार्टी बन्नेमा कुनै द्विविधा नहोला । कांग्रेसले सोच्नुपर्ने विषय के हो भने यसले विगत तीन वर्षदेखि माओवादीसँग कांग्रेसले गठबन्धन गर्दा कांग्रेसले के पायो ? माओवादीबाट बारम्बार धोका पाएको कांग्रेस अब किन नसुध्रिने ? बेला बेलामा कांग्रेसका नेताहरु माओवादीसँग मिलेर कांग्रेस ठूलो दल बनेको तर्क गर्दै आएका छन् । सरकार बनाउन चाहिने १३८ सिट मध्ये कांग्रेसले पाएको मात्र ८९ सिट न हो । फेरि कांग्रेस ठूलो दल भएपनि सरकारको नेतृत्व गर्न किन पाएन ? विपी कोइरालाले त्यसै कम्युनिष्टको विश्वास नगरेको हो र ! प्रचण्डले गठबन्धन टुटाएपछि बसेको कांग्रेस कार्यसम्पादन समिति बैठकले माओवादी अस्थिर र प्रचण्ड धोकेबाज भएको निष्कर्ष निकाले छ । ढिलै भएपनि कांग्रेसले सही निष्कर्ष निकालेको छ । किनभने गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति नबनाएको देखि ०७४ सालमा कांग्रेससँग सरकारमा सहभागी भएर एमालेसँग चुनावी तालमेल गरेर ०७८ मा कांग्रेससँग चुनावी गठबन्धन गरेर एमालेको सहयोगमा प्रधानमन्त्री बन्दासमेत कांग्रेसले प्रचण्ड इमान्दार नै देख्यो । अहिले विभिन्न बहानामा फेरि गठबन्धन टुटाएर एमालेसँग कुम जोड्न जाँदा बल्ल कांग्रेसको चेत खुलेको जस्तो देखिन्छ ।

अहिले तत्काल हेर्दा कांग्रेसलाई घाटा लागे जस्तो देखिएपनि दीर्घकालनी रुपमा कांग्रेसलाई फाइदा पुग्छ । अब सरकार बनाउने र गिराउने खेलमा नलागी पार्टीलाई एकताबद्ध बनाएर लैजाने दिशामा कांग्रेस नेतृत्वले काम गर्न सके आगामी दिनमा कांग्रेसको एकल सरकार बन्ने सम्भावना कायमै छ । तर त्यसका लागि यसले विगतमा आफूले गरेको गल्तीलाई सच्याउनु आवश्यक छ । विश्वको एकमात्र हिन्दु मुलुकलाई विदेशीको दबावमा धर्म निरपेक्ष राज्य बनाउने, राष्ट्रिय एकताको प्रतीकको रुपमा रहेको राजसंस्थालाई फाल्ने काम कांग्रेसले गरेका गम्भीर गल्ती हुन् । यी दुई ठूला गल्तीलाई अब कांग्रेसले ढिला नगरी सच्याउनु पर्छ । माओवादीको व्यवहारले अहिले सारा प्रजातान्त्रिक शक्तिहरु नतमस्तक बनेका छन् । विदेशी भूमिका बसेर आफ्ना देशका सोझा सिधा जनताको हत्या गरेर सत्ताको स्वाद चाखेको माओवादीलाई बोकेर हिँड्ने दलहरु अब सचेत हुनुपर्छ ।

अहिलेको व्यवस्थामा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसक्ने भएकाले कुनै न कुनै दलसँग मिल्नुको विकल्प नभएको नेताहरुले तर्क गर्दै आएका छन् । यदि यस्तो अस्थिरता सधैं रहिराख्ने हो भने संविधान संशोधनमार्फत यसलाई सुधार गर्न सकिन्छ । पुरानो दलहरुले आफूलाई सर्वोसर्वा ठान्ने हो भने नयाँ आएका दलहरुले उनीहरुलाई माथ गर्न सक्छन् । देश र जनताप्रति उत्तरदायी नहुने, सधैं सत्ताको स्वाद मात्रै चाख्ने, आफू र आसेपासेलाई मोजमस्ती गर्ने अनि सोधा सिधा जनता खाडीको तातोमा पसिना बनाउने व्यवस्था रहेसम्म मुलुक बन्ने सम्भावना हुँदैन । अरु मुलुक असफल बन्ने खतरा भने कामय रहन्छ । वर्तमान व्यवस्था र अवस्थाप्रति जनता वाक् दिक भइसकेका छन् । जुन दिन जनताको धैर्यको बाँध टुट्छ, त्यो दिन आफूलाई प्रमुख दलका नेता भन्नेहरुले भागेर ज्यान बनाउनु पर्ने दिन नआउला भन्न सकिन्न । त्यसैले बेलैमा त्यसतर्फ सोच्नु आवश्यक छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पतालः ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ । | **तुला** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **वृष** : गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **वृश्चिक** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कारोवारमा सफलता पाईएला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : अलंकारको प्राप्ति हुनेछ । मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । | **मकर** : विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । काममा राम्रै फड्कोमार्न सकिनेछ । | **कुम्भ** : विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महशुस हुनेछ । प्रेमबिच खिन्नता बढ्नेछ । | **मीन** : मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |




बालकथा ● नारायण तिवारी

# 'आगो लाग्यो ! आगो लाग्यो'

अचानक मेरो कानमा मानिसहरूले चिच्याएको, कराएको, हल्ला गरेको आवाज पऱ्यो । म र दिदी भर्खर स्कुलबाट आएर टुसुक्क मात्र के बसेका थियौं - टोलमा त आगो लागेको हल्लाले उत्पात मच्चाउन थालिहाल्यो । हाम्रो बुबा हल्ला भएको दिशातर्फ दौडिहाल्नु भयो । आमा, दिदी र म एक ठाउँमा भेला भयौं । अब के गर्ने ? टाढा मैले देखें - धुवैं धुवाँ उठेको । एकछिन पछि नै आगोको लप्का पनि देखें । फेरि एकैछिनमा आगो सल्किएर दनादन घरहरू डढ्दै गरेको देखिन थाल्यो । बिहानको पढाइ थियो हाम्रो । गर्मी याम सुरू भयो कि दिउँसोको पढाइलाई बिहान सारिदिइ हाल्नु हुन्थ्यो सरहरूले । जेठको महिना । घाम पनि चर्को ।

चैत वैशाखमा चल्नुपर्ने हुरी यो जेठमा आएर मज्जाले चलेको थियो । फेरि हिजो अस्ती त आजको जस्तो थिएन हावा, हुरी - यो आज आगो लागेर टोल नै समाप्त पारिदिनलाई पो हो कि यस्तो हुरी चलेको...? एकैछिनमा हाम्रो बुबा दौडिंदै आउनु भयो- 'हुँदैन, अब हाम्रो सामानहरू सबै घरबाट झिक्नु पर्छ । हाम्रो घरलाई पनि आगोले डढाउँछ ।' बुबा भन्दै हुनुहुन्थ्यो । त्यतिबेला हतार-हतार आमाले 'यिनीहरूलाई खान दिने मेरो सुद्धी पनि कहाँ गयो' भन्दै मलाई र दिदीलाई भात खान दिंदै हुनुहुन्थ्यो । मलाई खान के मनलाग्थ्यो, तैपनि जति रूच्छ हतार-हतार खाएँ । चार गाँस जति खाएँ हुँला । 'ल ल, अब छोड खानओर्न, सबै मिलेर सामान बाहिर लगौं ।' बुबा कराउँदै सामान बाहिर झिक्न थाल्नुभयो । हाम्रो घरको छाना फुसको थियो, खरले छाएको । त्यसैले हाम्रो घरलाई जल्नबाट बचाउन सकिंदैन अरे । बरु घरका जम्मै सामानहरू चाहीं बचाउनु पर्छ अरे । एकैछिनमा हाम्रो घरमा बुबाका थुप्रै साथीहरू भेला भइसक्नु भएको थियो । उहाँहरू धमाधम हाम्रो घरभित्र पसेर सामानहरू बाहिर झिक्दै हुनुहुन्थ्यो । हाम्रो घरभन्दा पश्चिमपट्टि एउटा पक्काको घर थियो । त्यो घर रघुनन्दन काकाको थियो । रघुनन्दन काका पनि हाम्रो घरमा आउनु भएको थियो । रघुनन्दन काकालाई मैले हाम्रो घरमा देखेर छक्क परेको थिएँ । उहाँ र मेरो बाबाले एकदिन खुबै झगडा गर्नु भएको थियो । तँ तँ र म म, मारामार जस्तो, काटाकाट जस्तो । 'तँ पाजीको घरमा म ज्यान गए पाइला टेक्दिन ।' 'जा-जा' तँ आफ्नो घरको राजा होलास् - म आफ्नो घरको...!' यस्तै के-के भनाभन गर्नु भएको थियो- रघुनन्दन काका र मेरो बाबाले । हात हालाहाल चाहीँ हुन पाएको थिएन । अरूहरू छिमेकी काकाहरूले छुट्याइदिनु भएको थियो । त्यस झगडा परेको दिनदेखि आजै हो रघुनन्दन काकालाई मैले हाम्रो घरमा खुट्टा टेकेको देखेको । जेहोस्, त्यस दिनदेखि रघुनन्दन काका मलाई मन पर्न छोडेको थियो । तर आज...? उहाँलाई हाम्रो घरमा सहयोग गरिरहेको, बाबासित बोलचाल गरिरहेको देख्दा अचम्म मानिरहेको थिएँ म । रघुनन्दन काका खराब मान्छे हो जस्तो लागेको थियो मलाई । तर आज हाम्रो घरमा आएर हाम्रो घर र सामानहरूलाई



*एकैछिनमा हाम्रो घरमा बुबाका थुप्रै साथीहरू भेला भइसक्नु भएको थियो । उहाँहरू धमाधम हाम्रो घरभित्र पसेर सामानहरू बाहिर झिक्दै हुनुहुन्थ्यो । हाम्रो घर भन्दा पश्चिमपट्टि एउटा पक्काको घर थियो । त्यो घर रघुनन्दन काकाको थियो । रघुनन्दन काका पनि हाम्रो घरमा आउनु भएको थियो । रघुनन्दन काकालाई मैले हाम्रो घरमा देखेर छक्क परेको थिएँ । उहाँ र मेरो बाबाले एकदिन खुबै झगडा गर्नु भएको थियो । तँ तँ र म म, मारामार जस्तो, काटाकाट जस्तो । 'तँ पाजीको घरमा म ज्यान गए पाइला टेक्दिन ।' 'जा-जा' तँ आफ्नो घरको राजा होलास् - म आफ्नो घरको...!' यस्तै के-के भनाभन गर्नु भएको थियो- रघुनन्दन काका र मेरो बाबाले । हात हालाहाल चाहीँ हुन पाएको थिएन । अरूहरू छिमेकी काकाहरूले छुट्याइदिनु भएको थियो । त्यस झगडा परेको दिनदेखि आजै हो रघुनन्दन काकालाई मैले हाम्रो घरमा खुट्टा टेकेको देखेको । जेहोस्, त्यस दिनदेखि रघुनन्दन काका मलाई मन पर्न छोडेको थियो । तर आज...?*

आगलागीबाट बचाउन सहयोग गरिरहेको देख्दा उहाँ नराम्रो मान्छे हुनुहुन्न रहेछ जस्तो लाग्यो मलाई । 'ल ल तिमीहरू सबैजना हाम्रो घर जाओ,' भन्दै रघुनन्दन काकाले मलाई, दिदीलाई र आमालाई काकाको घरमा पुऱ्याउनु भयो । उहाँको घरकै अगाडि पुऱ्याउन हाम्रो घरबाट भएभरका सामान ओसारिन थाले । हामी म, दिदी र आमा हाम्रो सामान भएनेर गई बसेउँ । सामान ओसारिंदै थियो । टिनका बक्सा ओसारिए । काठको पुरानो दराज, सुत्ने खाट, कुर्सी - बा, बाका साथीहरू र रघुनन्दन काकाहरू भएर ओसारे । साना-साना सामानहरू देखि लिएर ठूला-ठूला सामानहरू सबै ओसारिए । आगोले ठूलो उत्पात मच्चाइ नै रहेको थियो । एकछिनमै हाम्रो घर हुर्हुरी बल्न थाल्यो । आमा त घर जलेको देखेर धुरूधुरू रून थाल्नु भयो । दिदी पनि रून थाल्नु भयो । रघुनन्दन काकाकी श्रीमती काकीले आफू पनि रूँदै मेरो आमालाई र दिदीलाई केटाकेटीलाई जस्तै अँगालो हालेर फुल्याउन थाल्नु भयो । म के गरौं-रोउँ कि हाँसुँ ? केही बुझ्न नसकेर अलमल्ल परिरहें । रघुनन्दन काकाको सानो छोरो म भन्दा फुच्चे थियो । ऊ र म त्यहीं बसेर खेल्न थाल्यौं । रवि थियो उसको नाउँ । रघुनन्दन काकाको घर र हाम्रो घरको बीचमा रहेको चौरीमा सधैं साँझमा हामी खेल्दथ्यौं । रघुनन्दन काका र मेरो बुबा बीच झगडा भएदेखि मैले रविलाई हाम्रो समूहमा खेलाउन छाडिदिएको थिएँ । म हकारेर उसलाई पठाइदिन्थें । आज उसकै घरमा ऊ मसित खेल्न लागेको थियो । मलाई ठूलाबडाको झगडामा बित्थामा आफू पनि परेको जस्तै लागिरह्यो । म अलिक ठूलो फुच्चेले यो मभन्दा सानो फुच्चेलाई किन त्यसरी हेला गरेको हुँला भन्दै आज म अपसोच मानिरहेको थिएँ । र, आगलागीको ठूलो हल्लाखल्लीसित मतलव नरहेझैं गरी रविसित रमाई-रमाई खेल खेलिरहेको थिएँ । टोलमा आगो लाग्यो । सारा फुसका घरहरू डढेर खरानी भए । दिनभरिको हावाको ताण्डव पनि बन्द भयो, हावा बहन छोडिसकेको थियो । बचेका थिए त केही पक्की घरहरू । त्यसमा रघुनन्दन काकाको घर पनि थियो । 'पीर गर्नु पर्दैन दाई' तपाईंको घर नबनुञ्जेल यहीं हाम्रै घरमा बस्नु पर्छ...! रघुनन्दन काका मेरो बुबासित भनिरहनु भएको थियो । हामीलाई त झन् के को पीर ! रवि र म एकआपसमा मिलेर खेल खेल्नमै व्यस्त थियौं । फुच्चे रवि र म यति धेरै सायद पहिले कहिल्यै मिलेका थिएनौं...! **-मझेरी डटकम**

निबन्ध ● जेबी खत्री

# उमेर

*केटाको उमेर केटीको भन्दा धेरै वर्षले फरक वा बढी छ भने पनि केटाले आफ्नो उमेर केही वर्ष घटाएर केटीकै दामले वा सुहाउँदो बुझ्दो बनाएर वताउँने गरेको र केटीको उमेर केटाको भन्दा बढी भएपनि त्यसरी नै केटीले पनि आफ्नो उमेर त्यसरी नै घटाएर केटाको उमेरसँग मिल्दोजुल्दो वा सुहाउँदो बुझ्दो बनाएर वताउँने गरेको पाइन्छ । यो त फाइदा वा इमानको हिसावले उमेर घटाएको बढाएको होला ।*

उमेर भन्नाले कुनै व्यक्ति वा प्राणी विशेषको जन्मेदेखि हालसम्मको वा मृत्यु नभएसम्मको अवस्थालाई वताउँछ । तँ कति वर्षको भइस् ? तिमी कति वर्षका भयौ ? तपाइँ कति वर्षको हुनुभयो ? हजुर कति वर्षको होइस्यो ? तेरो छोरा कति वर्षको भयो ? तेरी छोरी कति वर्षकी भई ? तेरो भाइ कति वर्षको भयो ? तेरी वहिनी कति वर्षकी भई ? आदि,इत्यादि । यो उमेर भन्ने कुरा यस्तो रहेछ । जसले आयु घटाउदैं लान्छ । आफैंमा उमेर बढ्दै जान्छ । उमेर घटाउँन बढाउँन सकिन्छ तर आयु घटाउँन सकिएला बढाउँन सकिदैंन । सामान्यत:सामुहिक आयु औसतमा तोक्न सकिएला तर कुनै व्यक्ति विशेषको आयु ठ्याक्कै यति हो भनेर तोक्न सकिन्न । संसारमा मानिस मात्र यस्तो प्राणी हो जसले आफ्नो उमेर बढाउँन चाहदैंन । बरू आयु घटाउला अरे कसैले तर उमेर घटाएर वताउँन चाहदैंन । लाभदायक हिसाबले अपबादको रूपमा कसैले घटाउँनु छुट्टै कुरा हो । तपाइँ आफ्ना दामले जास्ता लाग्ने जो कोहीलाई सोध्नुहोस । उनीहरूले तपाइँलाई एक,दुई त के दुई,चार वर्षले तपाइँ भन्दा जेठो भएपनि तपाइँको उमेरको अन्दाज गरेर मात्र उत्तर दिन्छन् कि तपाइँ भन्दा आफू एक दिनले भएपनि कान्छो ठहरिन सकियोस् । कोही बूढो हुन चाहदैंन । भर्खरकै हुन चाहन्छ । आफ्नो उमेर सही नवताउँने बानी नै परिसक्यो । आफूलाई सधैं योङ सम्झने बानी छ नेपालीहरूमा । केश फुलेर छाला चाउरी परिसके पनि उसलाई बुढेशकालले छोयो भन्ने लाग्दैन । अझै उमेरदार नै छु भन्ने सम्झन्छ । बरू उल्टै मान्छे बूढो भएर के भो र मन बूढो भएको छैन भन्ने जस्ता टुक्का सुन्न पाइँन्छ । अरूका के कुरा मैलाई धेरैले ढाँटेर म भन्दा जेठा पनि म भन्दा कान्छो बनेका उदाहरणहरू प्रसस्तै छन् । आफू भन्दा दुई, चार वर्षले जेठाहरू पनि दाइ भनेर बोलाउँछन् ।

दाइ भनेर सम्बोधन गरे पछि मुर्रमुर्रिएर भएपनि भाइ त भन्नै पऱ्यो । कसैको उमेर एकिन गरेर हेर्नलाई उसका कागजात हेर्नै पर्ने हुन्छ । त्यसमा पनि कहाँ सही हुँदो रहेछ र त्यहाँ पनि कतिपयले त फरक विवरण पो दिएका हुँदा रहेछन् । कसैले विदेश जान उमेर नपुगेर उमेर बढाएका हुँदा रहेछन् । कसैले बढी भएर घटाएका हुँदा रहेछन् । कसैले जागिर खान उमेर नपुग्दा बढाएका हुँदा रहेछन् । कसैले जागिर खान उमेर घटाएका हुँदा रहेछन् । कसैले विहे गर्न पनि उमेर घटाएको बढाएको पाइँन्छ । केटाको उमेर केटीको भन्दा धेरै वर्षले फरक वा बढी छ भने पनि केटाले आफ्नो उमेर केही वर्ष घटाएर केटीकै दामले वा सुहाउँदो बुझ्दो बनाएर वताउँने गरेको र केटीको उमेर केटाको भन्दा बढी भएपनि त्यसरी नै केटीले पनि आफ्नो उमेर त्यसरी नै घटाएर केटाको उमेरसँग मिल्दोजुल्दो वा सुहाउँदो बुझ्दो बनाएर वताउँने गरेको पाइन्छ । यो त फाइदा वा इमानको हिसावले उमेर घटाएको बढाएको होला । यिनका कुरा छोडौं यिनका पछाडी स्वार्थ छ । स्वार्थले नै त हो मानिसलाई बेकुब बनाउँने भनेको । यहाँ मैले उठाउँन खोजेको कुरा सामान्यत: मानिस एकले अर्कोलाई आफ्नो सही उमेर बताउन किन हिचकिचाउँछ ? भन्ने हो । सामान्य भेटघाटमा मानिसले तिम्रो उमेर कति भयो भनेर सोध्ने भनेको एउटा प्रसङ्गवस वा कुनै काम विशेषले सोधिने कुरा हो । कसैले कसैलाई आफ्नो सही उमेर बताउँदा के नै बिग्रन्छ र । न उसको उमेर कसैले खोसेर लगिदिन्छ । न कसैले थपघट नै गरिदिन्छ । मानिसले सत्य बोल्दा के हुन्छ ? प्रश्न यो हो । मैले धेरै इमान्दार मानिसहरूले पनि आफ्नो उमेरका बारेमा अरूहरूलाई बताउँदा ढाट्ने गरेको पाएको छु । मानिसले आफ्नो उमेर अर्कालाई ढाँटेर जित्ने भनेको आफू कम उमेरको वा योङ् देखिन खोज्नु नै हो । मानिसलाई बुढो वा पाको हुन मन हुदैंन । सधैं योङनै देखिन पाए हुन्थ्यो । आफ्नो उमेर भन्दा शारीरिक रूपमा तन्दुरुस्त नै देखिन पाए हुन्थ्यो भन्ने हुँदो रहेछ । मैले बुझ्न नसकेको कुरा के भने मानिसले आफ्नो उमेर जति घटाएर वताए पनि आखिर उसको आयु त बढ्ने होइन । एकछिनलाई ढाँटे पनि उसले सधैंभरिलाई त ढाँट्न सक्दैन । ढाँटेको कुरा काटे मिल्दैन । एक दिन न एक दिन त कुनै न कुनै रूपमा यथार्थ त प्रस्टिन्छ नै । किन यसरी ढाँट्नु होला ! एक दिन बिर्तामोडबाट फिदिम जादैं गर्दा एक जना अदबैंसेले सोधे, दाइ कहाँसम्म जाने हो ? मैले यसो नियालेर उत्तर दिएँ फिदिमसम्म हो दाइ । उनले पनि मलाई दाइ भनेर सम्बोधन गरे । उनले मेरो उमेर विचार गरेर दाइ भने वा त्यतिकै । मैले चाहिँ उनलाई राम्रोसँग नियालेर र उनको उमेर पनि राम्रोसँग विचार गरेर अन्दाजी दाइ भनैंको थिएँ । उनले पहिले दाइ भनेर सम्बोधन गरेपछि मैले भाइ भन्नु पऱ्यो । मैले भाइ नभनी दाइनै भनेर सम्बोधन गरें । मैले उनको उमेर विचार गरेरै अन्दाज गरेको थिएँ । भरे गाडी भित्र पस्दा त हाम्रो सिटसँगै परेछ । मेरो झ्यालको छेउतिर उनको वर्तिरपटि । उनले फेरि भनें, दाइ तपाइँ यतापटि बस्नुहोस म झ्यालको छेउपटि बस्नुपऱ्यो । पहाडको बाटो फेरि यात्रा लामो छ । मलाई त बान्ता आउला जस्तो पो हुन्छ त । यो पटक मैले उनलाई नियालीरहिन । बान्ता आउला जस्तो हुन्छ भनेपछि भरे लुगा पो बिगारिदिने हुन् कि भन्ने डरले चुपचाप झ्यालपटिको सिट उनलाई छोड्दिएँ ।

आ-आफ्नो सिटमा बसिसकेपछि गफ चल्न थाल्यो । म पनि गाडीमा बसिसकेपछि चुप लागेर बस्न नसक्ने । उनको पनि बानी त्यही रहेछ । गफ लाउँन थाले । भरे गफ गर्दै र चिनापरिचय गर्दै जाँदा त उनी म भन्दा तीन-चार वर्षले जेठा रहेछन् । तै पनि गफ गर्दै जाँदा बेलाबेला मलाई उनी दाइ नै भनिरहन्थे । एक पटक धनकुटाबाट धरानतर्फ आउदैं थिएँ । मेरो छेउको सिट धनकुटाबाटै खाली थियो । बस्ने मान्छे नआएपछि मैले त्यो सिटमा मेरो झोला राखेको थिएँ । कोही मान्छे सिट सोध्दै खोज्दै आएछन् भने चाहिँ झोला झिकिदिउँला भनेर राखेको कोही आएन । सायद कसैले सिट रोकेर राखेको होला ठाने हुन् । धनकुटाबाट गाडी छुट्यो धरानका लागि । केही तल गुठीटार आएपछि एक जना बुढा मानिस गाडी चढे । उनलाई चढाएर गाडी विस्तारै दौडन थाल्यो । उनी हुरिदैं मेरो छेउमा आएर झोला राखेको सिटतिर हातको औंलाले देखाउदैं भनें, भाइ यो झोला कसको हो ? यहाँ बस्न मिल्छ ? मैले आफ्नो झोला सिटबाट झिकेर काखमा राख्दै उत्तर दिएँ, मिल्छ, किन नमिल्नु बस्नुहोस् न । त्यसपछि बुढा छेउमा बसे । बसिसके पछि मैले उनलाई राम्रोसँग नियालें । भाइ भन्छन् बुढा मलाई ! यसो हेर्छु मैले दाई भन्न नसुहाउँने छन् । मनसँग ठानें । यिनलाई पनि आफू भर्खरकै छु जस्तो लाग्दो हो । सोध्न मन लाग्यो । भत्ता खादैं हुनुहुन्छ त बुबा भनेर सोधें । खाइदैंछ । अरू उमेर पुगेर पनि खान पाउदैंनन् । मैले त एक वर्ष अगिदेखि नै पो खान थालें । बाउले कसोकसो एक वर्ष बढाएर बनाइदेका रछन् नागरिकता । त्यति फाइदा भो । गफाडी रहेछन् बुढा । यताउता हेर्दै मस्किमस्कि बोल्छन् । गफ झिके । उर्लाबारी हिंडेको भाइ म, छोरीका घर । त्यहाँ मेरा दुईटी छोरी विहे गरेर दिएको छु । गफ गर्दै जाँदा वताए बुढाले हाम्रा बुबासँगका रहेछन् । हाम्रो उमेर लगभग ४० वर्षको फरक रहेछ । नाती भनेपनि फरक नपर्ने । बुढाले भाइ भन्न छोडेनन् । एक पटक त्यस्तै भयो । झापाको दमकबाट विराटनगर जान बस चढेको । गएर सिटमा बस्ने वित्तिकै छेउको सिटमा बसेको भाइले सोध्यो, अङ्कल काँसम्म जाने ? यसो हेर्छु आफ्नै दामले भन्न सुहाउँने छ । अङ्कल भन्छ । के भन्नु । म विराटनगरसम्म जाने भाइ । अनि भाइ नि त कहाँसम्म जाने हो नि ? भनेर सोधें म इटहरीसम्म हो अङ्कल भन्यो । फेरि अङ्कल नै भन्छ । यसो हेर्छु भतिज भन्न सुहाउने केटो छैन । कुरा गर्दै जाँदा म भन्दा एक-दुई वर्षले मात्र कान्छो रहेछ । केको भतिज भन्न सुहाउनु ! ठानें उसलाई पनि आफू सानै छु जस्तो लाग्दो हो नि । मानवीय गुण नै हो कि के हो । मानिसले आफूलाई सधैं कम उमेरको सम्झने । दारीजुंगाको रहर हुँदा हुँदै शारिरिक अङ्ग प्रत्यङ्गको विकास हुँदै शरीरको छाला चाउरी परेर लठ्ठी टेक्ने बेला भइसक्दा पनि आफूलाई भर्खरकै उमेरको ठान्ने । मलाई चिन्ने जान्नेहरू कहिलेकाहीं भेट्दा आधिसरो मेरो टाउकाको केश फुल्न थालेको देखेर कति वर्ष पुगिस् भनेर सोध्छन् । म यति वर्ष पुगें भनेर भन्दिन्छु । हेर हिजोअस्तिको मान्छे भनेर आश्चर्य चकित हुन्छन् । म आफ्नो उमेर नियाल्न थाल्छु । अनि उनीहरूसँग आफ्नो उमेर नाप्न थाल्छु । हामी पहाडमा हुदैं मैले चाल पाउँदा खसीको मासु चालीस रूपयाँ धार्नी थियो । धान बीस रूपयाँ पाथी बेचेको । मकै बाईस रूपायाँ पाथी । दुई रूपयाँ कप चिया पाइँन्थ्यो । पाँच रूपयाँ लिटर मट्टितेल थियो । तीन रूपयाँमा साबुन आउँथ्यो । आठ आनामा सलाई आउँथ्यो । पाचँ रूपयाँ मानो घिउ । हजार, पाँच सयमा बडाबडा खसी पाइँन्थे । दस, बाह्र हजारमा छानीछानी राम्राराम्रा लैना भैंसी पाइँन्थे । पाँच, सात हजारमा राम्रा रङ मिलेका हल गोरू पाइँने । पाँच, छ हजारमा राम्रो दुहुना गाई पाइँन्थ्यो । पाँच रूपयाँ पैसा लिएर बजार गयो भने एक जनाले खर्च खाइ सकिदैनथ्यो । अहिले सम्झदा त्यो त कहाँ हो कहाँ । झ्याउ लागेर आउँछ । आफूलाई पनि बुढो भइए जस्तो त लाग्दैनथ्यो तर आफ्नो पनि उमेरले डाँडो काटेछ ।

**-समकालीन साहित्य डटकम**

# पुरस्कारको रकम वृद्धाश्रममा सहयोग



भरत शर्मा

**पाल्पा,** फागुन २३/सयुक्त टोल विकास संस्था तानसेन ४ ले पुरस्कारबाट प्राप्त भएको रकम तानसेनस्थित नील सागर वृद्ध सहारा आश्रमलाई सहयोग गरेको छ । संस्थाले तानसेन महोत्सवमा आयोजित झ्याकी, त्यालीमा सान्तवना भई पाएको पुरस्कार रकम आश्रममा रहेका असहाय, बेसहारा, वृद्धवृद्धा र मानसिक रूपले विक्षिप्त व्यक्तिलाई एक छाक भोजनका लागि सहयोग गरेको हो ।

टोलविकास संस्थाले पुरस्कार बापत पाएको ३ हजार ७ सय ५० र संस्थाका सदस्यहरुबाट संकलित रकम गरी ५ हजार बराबरको भोजन दान गरिएको संयोजक भुनु थापा बराललले बताइन् । संस्थाका सदस्यहरुको एक टोली भुसलडाँडास्थित आश्रममै पुगेर एक छाक भोजन गराएका हुन् । संस्थाकी सदस्य सीता बस्नेतले बुबाआमा सरह वृद्धहरुलाई सानो सहयोग गर्न पाउँदा अत्यन्त खुशी लागेको बताइन् ।

सिल्खानटोल विकास संस्थाकी अध्यक्ष रमा पन्तले आश्रममा रहेका बुबाआमाको दुःख, पीडा देख्दा आफू निकै चिन्तित भएको र भविष्यमा सक्दो सहयोग जुटाउने प्रतिवद्धता जनाइन् । विशाल बजार टोल विकास समितिकी अध्यक्ष दमयन्ती बजिमयले पैसा भन्दा मन ठूलो भएकाले यस्ता रचनात्मक सहयोग गर्न लागि पर्ने बताइन् । आश्रममा हाल २६ जना बेसाहारा वृद्धवृद्धाहरु रहेका छन् । निलसागर आश्रमका सदस्य तथा तानसेन १ का वडा सदस्य राम प्रसाद भट्टराईले टोलविकास संस्थाबाट आश्रममा रहेका नागरिकहरुप्रति देखाएको माया, दया करुण र सद्भावको प्रशंसा गर्दै धन्यवाद दिए ।

उनले सहयोगी दाताहरुको सहयोगमा आश्रम सञ्चालन गर्दै आएको बताए । सदस्य भट्टराईले भने 'हामीले सहयोगीहरुबाटै वृद्धवृद्धाहरुको व्यवस्थापन गर्दै आएका छौं, अहिले उनीहरुलाई खानाको व्यवस्थापन गर्न निकै धौंधौं भएको छ ।' पहिल्लो समय आश्रममा रहेका वृद्धवृद्धाहरुलाई सहयोग गर्ने क्रम बढ्दै गए पनि यसको स्थायी आर्थिक स्रोतका लागि नगर सरकारको ध्यान पुग्न नसकेको स्थानीयको गुनासो छ ।

# सुनको भाउ बढेको बढ्यै



**पाल्पा,** फागुन २३/पछिल्लो समय बजारमा सुनको मूल्य निरन्तर बढिरहेको छ । स्थानीय बजारमा सुनको मूल्य बढेर बुधबार नयाँ रेकर्ड बनाएको छ । सो दिन छापावाल सुनको मूल्य प्रतितोला १ लाख २३ हजार ५ सय रुपैयाँ तोकिएको छ ।

अघिल्लो दिन मंगलबार त्यस दिनसम्मकै उच्च दर प्रतितोला १ लाख २३ हजारमा कारोबार भएको सुनको मूल्य बुधबार प्रतितोला पाँच सयले बढेर नयाँ उचाइमा पुगेको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको मूल्य प्रतितोला १ लाख २२ हजार ९ सय रुपैयाँ कायम भएको छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला १ लाख २२ हजार ४ सय रुपैयाँ थियो । त्यस्तै बुधबार चाँदीको मूल्य अघिल्लो दिनको कारोबार मूल्यका तुलनामा प्रतितोला ५ रुपैयाँले घटेर १ हजार ४ सय ४० तोकिएको महासंघले जनाएको छ । यसअघि गत पुस १२ गते प्रतितोला एक लाख २२ हजार रुपैयाँको उच्चदरमा छापावाल सुन कारोबार भएको थियो । त्यसपछि केही समय सामान्य रही यही फागुन २ गते एक लाख १६ हजार पाँच सयसम्म आएको सुनको मूल्य त्यसयता उतारचढाव हुँदै हालसम्मकै उच्च बनेको हो । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा हाल सुन प्रतिऔंस २ हजार १ सय २६ डलर आसपास कारोबार भइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढेका कारण त्यसको प्रभाव स्थानीय बजारमा पर्न गएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । सुनको मूल्य निरन्तर उकालो लागेकाले बजारमा कारोबार समेत ठप्प अवस्थामा छ । फागुन महिना विहेको सिजन भए पनि मूल्य बढेका कारण कारोबार खासै नभएको व्यवसायीहरुको भनाइ छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/११/२३**

प्रस्तुत विषयमा यस विद्यालयको नि.मा.वि.तह तृतीय श्रेणी अंग्रेजी विषयको शिक्षक पदपूर्तीका लागि बसेको वि.व्य.स.को मिति २०८०/११/२१ को बैठकको निर्णय, पूर्वखोला गाउँपालिका शिक्षा शाखाको सिफारिस र शिक्षा विकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८०/११/२३ च.नं. ९०७ को पत्रानुसार अनुमती प्राप्त भई आएकोले पदपूर्तीका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दर्खास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**पद** : शिक्षक नि.मा.वि., **विषय** : अंग्रेजी, **संख्या:** १ जना

**न्युनतम शैक्षिक योग्यता** : आई.एड. वा सो सरह (उपल्लो योग्यतालाई प्राथमिकता)

**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु १०००/-

**तलब भत्ता** : नेपाल सरकारले तोके अनुसार

**निवेदन दिनुपर्ने अन्तिम मिति** : २०८०/१२/०७ गते गते विद्यालय समयसम्म

**सम्पर्क मिति** : २०८०/१२/०७ गते ४ बजे सम्म

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता (आवश्यकताको आधारमा कक्षा अवलोकन)

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, स्थाई अध्यापन अनुमति प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र प्रत्येकको २/२ प्रति र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो ।

**थप जानकारीको लागि सम्पर्क** : ९८५७०६५७९३, ९८४४७५५३४१

**पुनश्च:** वि.व्य.स.को निर्णय बमोजिम शिक्षक सेवा आयोगको करार सुचिमा सुचिकृत भएका उमेदवारलाई प्राथमिकता दिइनेछ ।

**जनप्रिय माध्यमिक विद्यालय**
पूर्वखोला-६, हेक्लाङ्ग, पाल्पा


खेलकुद समाचार

# क्यानडा लिग-२ को शीर्ष स्थानमा



**काठमाडौं,** फागुन २३/क्यानडाले आईसीसी क्रिकेट विश्वकप लिग २ मा युएईमाथि डकवर्थ लेविस पद्धतिको आधारमा ८ रनको जित हात पारेको छ । लगातार तेस्रो जितसँगै क्यानडा लिग २ को अंक तालिकामा शीर्ष स्थानमा उक्लिएको छ ।

घरेलु टोली युएईको भने यो लगातार तेस्रो हार हो । डकवर्थ लेविस पद्धति अनुसार जितको लागि २३७ रनको विजयी लक्ष्य पछ्याएको युएईले निर्धारित ४६ ओभरमा ८ विकेट गुमाउँदै २२८ रन बनायो । युएईका वृत्य अरविन्दले ८३ बलमा १ चौका र १ छक्कासहित सर्वाधिक ५१ रनमा रन आउट भए । मोहम्मद वासिम ५० बलमा ४ चौका र १ छक्कासहित ४२, तानिश सुरी २७, सिपी रिजवान १८, राहुल चोपरा २९ र बासिल हामिद २७ रनमा आउट भए । क्यानडका डिलोन हेलिगरले १० ओभरमा ४७ रन खर्चेर ४ विकेट लिए । त्यसअघि दुबई इन्टरनेशल क्रिकेट स्टेडियममा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले ४९.४ ओभरमा ६ विकेट गुमाउँदै २४१ रन बनाएको थियो । वर्षाको कारण बाँकी दुई बल खेल्न पाएको थिएन । क्यानडाका हर्ष ठाकेरले ११३ बलमा ६ चौका र २ छक्कासहित १११ रनको शतकीय इनिङ खेले । उनको ओडीआई करिअरको पहिलो शतक हो । आरोन जोनसन २९ र निकोलस किर्तोनले २६ रन बनाए । युएईका जुनैद सिद्दिक र आयन खानले २-२ विकेट लिए । सञ्चित शर्मा र जहुर खानले १-१ विकेट लिए । क्यानडाले यसअघि युएईलाई ३ विकेट र स्कटल्यान्डलाई ७ विकेटले हराएको थियो । क्यानडाले अब बिहीबार स्कटल्यान्डसँग खेल्नेछ । युएई स्कटल्यान्डसँग ८ विकेटले पराजित भएको थियो । शनिबार युएईले स्कटल्यान्डसँग खेल्नेछ । क्यानडा ३ खेलमा ६ अंकका साथ शीर्षस्थानमा छ । नामिबिया ४ खेलमा ६ अंकका साथ नेटरनरेटका कारण दोस्रो स्थानमा छ । नेपालसहित ८ टोली सहभागी लिग २ आगामी २०२७ सम्म चल्नेछ । शीर्ष चार टोलीले २०२७ को ग्लोबल छनोट सोझै खेल्न पाउनेछन् ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य अंकले वृद्धि



**पाल्पा,** फागुन २३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको वृद्धि देखिएको छ । सोमबार सकारात्मक सर्किट र मंगलबार उच्च अंकको गिरावटपछि बुधबार सामान्य वृद्धि भएका हो ।

परिसूचक नौ दशमलव ३३ अंकले बढेर दुई हजार १७ दशमलव ०३ अंकमा पुगेको छ । बुधबार विभिन्न तीन सय आठ कम्पनीका ९१ लाख ३८ हजार एक सय ५४ कित्ता शेयर ५८ हजार नौ सय ४० पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४५ करोड आठ लाख ३८ हजार तीन सय ५७ को कारोबार भएको छ । कारोबारमा बैंकिङ, जीवन बीमा र म्यूचुअल फण्ड बाहेकको समूहको उपसूचक बढेको छ । डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने स्वरोगजार लघुवित्त वित्त विकास बैंकको आठ दशमलव ७०, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको आठ दशमलव ६७, गुर्खाज फाइनान्सको आठ दशमलव ०९ र सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य आठ प्रतिशतले बढेको छ ।

धेरै गुमाउनेमा मोलुङ हाइड्रोपावर कम्पनी नौ दशमलव ७१ र ग्लोबल आईएमई ब्यालेन्स फण्ड-१ को शेयर मूल्य पाँच दशमलव ५४ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको रु ३३ करोड ३७ लाख ७८ हजार आठ सय सात बराबरको छ लाख ५७ हजार सात सय ३९ कित्ता शेयर कारोबार भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई